
# जटामसीको असल संकलन पद्धति सम्बन्धि पुस्तिका



DARWIN INITIATIVE

UKaid from the British people

TRAFFIC

ANSAB Rich Biodiversity and Prosperous Communities

**पहिलो प्रकाशनः** २०७७ जेठ

**दोश्रो प्रकाशनः** २०७९ चैत्र

**तेश्रो प्रकाशनः** २०८० चैत्र

**प्रकाशक**
एन्साब नेपाल

सर्वाधिकार प्रकाशकमा

**लेखन**
खिलेन्द्र गुरूङ र डा. नवीनराज जोशी

**सम्पादन**
पुष्पलाल घिमिरे, आकृति पौडेल र सुदर्शनचन्द्र खनाल

**फोटो सौजन्य**
डा. नवीनराज जोशी र खिलेन्द्र गुरूङ्ग

## १. परिचय

जटामसी १० देखि ६० से.मि सम्म अग्लो हुने बाह्रमासे पोथ्रे प्रजातिको बिरूवा हो । यसको वैज्ञानिक नाम नार्डोस्टाचिस जटामसी (*Nardostachys jatamansi* DC.) हो । यसको पातहरू ५ देखि ८ से.मि सम्म लामा र २ से.मि सम्म चौडा भाला आकारका, रौ भएका र टुप्पा तिखा भएका हुन्छन् । मसिना, बास्नादार र गुलाबी प्याजी सेतो रंगका फूलहरू एउटै मात्र झुप्पामा झुप्प भएर फूलेका हुन्छन् । यसको जमिन भित्र रहेको मोटो काण्डलाई राता, खैरा झुसले छोपिराखेको हुन्छ जुन करिब ७ से.मि लामो र ३ से.मि चौडा हुन्छ र स्वाद तितो र पिरो हुन्छ । यहि जमिन भित्र रहेको मोटो काण्ड नै बिक्री योग्य भाग हो ।



## फैलावट र वासस्थान

जटामसी नेपालको पूर्वदेखि पश्चिम समुद्री सतहबाट ३,००० देखि ५,३०० मिटरसम्मको हिमाली क्षेत्र लगायत भारतको सिक्किमदेखि, उत्तराखंड, भुटान र चीनको दक्षिण पश्चिमी भागहरूमा पनि पाइन्छ । यो तल्लो हिमाली क्षेत्र र लेकतिर प्रायः भोजपत्र, धुपी र हिमाली लालिगुँरासको बुट्यान छेउछाउ चिसो, ओसिलो र उत्तरी मोहडा भएका स्थानमा अत्याधिक हुन्छ । भोजपत्र, सुनपाती, हिमाली धुपी, पदमचाल, पाँच औले, कुट्की, सेतोचिनी, अतिस, बुकी, आदि वनस्पतिहरू सँगसँगै जटामसी प्राकृतिक रूपमा हुर्केको पाइन्छ । यसको उत्पादन तथा वृद्धि २५°-४५° सम्मको भिरालो र भोजपत्रको जंगलमा राम्रो हुन्छ ।

नेपालको पश्चिम, मध्यपश्चिम र सुदूर पश्चिमको हिमाली भाग खास गरी कर्णाली प्रदेशमा प्रशस्त पाईने यो जटामसी त्यहाँका विपन्न समुदायको मुख्य आम्दानीको श्रोतको रूपमा रहिआएको छ । नेपालका हिमाली जिल्लाहरू जस्तै हुम्ला, जुम्ला, दैलेख, मुगु र डोल्पा सबै भन्दा बढी जटामसी उत्पादन हुने जिल्लाहरू हुन् ।

## २. उद्देश्य तथा आवश्यकता

यस पुस्तिकाको उद्देश्य, जटामसी संकलक तथा प्रशोधकहरूलाई दिगो संकलन पद्धतिको बारेमा चेतना जगाउने तथा गुणस्तरयुक्त जटामसी तेल प्रशोधनका लागि गर्नुपर्ने आवश्यक कृयाकलापहरूको बारेमा जानकारी प्रदान गर्नु रहेको छ । यसका अलावा जटामसी संकलक तथा प्रशोधकहरूलाई निम्नबमोजिमको जानकारी प्रदान गर्नु रहेको छ ।

- » जटामसी लोपोन्मुख प्रजाति भएको र साइटिस अनुसुची २ मा सुचिकृत भएकोले यसको प्राकृतिक फैलावट वा बासस्थानमा समेत चासो भएको ।
- » जटामसी तेलमा मिसावट समेत हुने भएकाले यसको शुद्धता प्रति उपभोक्ता वा खरीदकर्ताहरूको समेत चासो भएको ।
- » जटामसी तेल उत्पादकले समेत गुणस्तर सम्बन्धि प्रचलित मापदण्ड अवलम्बन गर्नु पर्ने भएकाले त्यसको लागि आवश्यक गुणस्तरीय कच्चा पदार्थको उपलब्धता र निरन्तर आपूर्तिको प्रत्याभूति हुन जरूरी हुन्छ । त्यसैले गुणस्तरीय कच्चा पदार्थको आपूर्तिमा संकलकहरूको ठूलो भूमिका भएको ।
- » समग्रमा असल संकलन पद्धति विश्वव्यापी रूपमा मान्यता प्राप्त भएको र त्यसको अवलम्बनले कच्चा पदार्थको दिगो उपलब्धता भई बिक्री वितरणमा समेत सहयोग पुग्नुको साथै संकलकहरूले उचित मूल्य समेत प्राप्त गर्न सक्षम हुने भएको ।
- » जटामसी तेल र मार्कको विश्वव्यापी माग बढेको र ग्रामिण भेगका संकलकहरूको जटामसी संकलनबाट आर्यआर्जन र रोजगारीको अवस्थामा वृद्धि भएको तर जटामसी कच्चा पदार्थको गुणस्तर र नियमित आपूर्तिमा समेत चासो भएको ।

## ३. असल संकलन विधिका आधारभूत सिद्धान्तहरु

- » जटामसी संकलकहरूले संकलित कच्चा पदार्थ तेल उत्पादन वा सुगन्धित तत्व निकाल्न उपयुक्त छ र अन्तिम वस्तु उत्पादन गर्न समेत उपयुक्त छ भन्ने कुराको ख्याल गर्नु पर्दछ ।
- » उपयुक्त जटामसी प्रजातिको यकिनसँग पहिचान गर्नु पर्दछ ।
- » जटामसीको काण्डको उचित सरसफाइ गर्नु पर्दछ जसले जिवाणुको संक्रमणलाई न्यूनिकरण गर्दछ ।
- » जटामसीको काण्डको उचित व्यवस्थापन गर्नु पर्दछ जसले संकलन, ढुवानी र भण्डारण गर्दा गुणस्तरलाई कायम राख्न सकोस् ।
- » जटामसीको काण्ड संकलन गर्दा गुणस्तरलाई कायम राख्दै, दिगो संकलन विधि अपनाई नीति नियमको पालनालाई जोड दिई वातावरण संरक्षण समेतलाई ध्यान दिनु पर्दछ ।

**यसका अलावा फेयरवाइल्ड मापदण्डका निम्न सिद्धान्तहरुको अवलम्बन गरी पालना गर्नाले जंगली वनस्पतिहरुको दिगो संकलन तथा व्यवस्थापन गर्न मद्दत पुग्दछ :**

» वन जंगलबाट संकलन गरिने वनस्पतिका स्रोतहरूको संकलन, त्यसको तह, परिमाण र तरिकालाई मध्यनजर गरी गरिनुपर्दछ जसले ती वनस्पतिहरूको संख्या र प्रजातिहरूलाई दिर्घकालिन रूपमा कायम गर्दछ ।

» वनस्पति संकलन सम्बन्धि क्रियाकलापका कारण वन जंगलमा रहेका अन्य जंगली तथा प्राकृतिक प्रजातिहरू, संकलन क्षेत्र र छरछिमेकमा रहेका क्षेत्रहरूमा पर्ने नकारात्मक प्रभावहरूलाई रोकिएको हुनु पर्दछ ।

» वन जंगलमा रहेका वनस्पतिहरूको संकलन गर्दा स्रोतको दिगोपनामा ह्रास नआउने गरी गुणस्तर, आर्थिक पक्ष र बजारको खोजिनीतिको आवश्यकतालाई सहयोग पुग्ने गरी मात्र गरिनु पर्दछ ।

» वन जंगलका प्राकृतिक वनस्पतिहरूको संकलनमा संलग्न सबै श्रमिकहरूका लागि न्यायोचित किसिमको काम गर्ने वातावरणको सुनिश्चितता गर्नु पर्दछ ।

» वनस्पति संकलन क्षेत्र र वन जंगलबाट संकलित लक्षित वनस्पतिहरूको व्यवस्थापन र उपयोग गर्न पाउने आदिवासी, जनजाति र स्थानीय समुदायको प्रथाजनित अधिकारको सम्मान, संरक्षण र मान्यता प्रदान गरीएको हुनु पर्दछ ।

» जातजाति, रंग, जातिय उत्पत्ति, धर्म, लिंग वा राजनीतिक आस्थाका आधारमा संकलकहरू विरूद्ध कुनै विभेद गरिनु हुँदैन र महिलाहरूलाई संकलकको रूपमा दर्ता हुन अभिप्रेरित गर्नु पर्दछ ।

» बालबालिकालाई संकलकको रूपमा सम्झौता गर्नु हुँदैन ।

» युवा संकलकहरूलाई जोखिमजन्य कार्यहरूमा लगाईनु हुँदैन ।

» संकलकहरूले संकलन गरेको वस्तुको उचित मूल्यको सुनिश्चित् गरीएको हुनु पर्दछ ।

» वन जंगलमा रहेका लक्षित प्रजातिहरूको संकलन सम्बन्धि कार्यहरू अनुकूलित, व्यवहारिक, सहभागिता मूलक र पारदर्शी व्यवस्थापकीय क्रियाकलापमा आधारित हुनु पर्दछ ।

# ४. असल संकलन पद्धतिका आधारभूत पक्षहरु

असल संकलन पद्धति भन्नाले उपयुक्त जटामसी प्रजाति पहिचान देखि, संकलन गर्दा, संकलन पश्चात् गरिने कार्यहरू, भण्डारण एवं प्रशोधनकर्ताले बिक्रि वितरण गर्दा सम्म गरिने सम्पूर्ण कृयाकलापहरूलाई समेट्दछ ।

## ४.१ संकलन इजाजत वा अनुमति

- संकलन कार्य गर्नु पूर्व सम्बन्धित निकायबाट आवश्यक संकलन अनुमति लिनु पर्दछ ।
- सम्बन्धित निकायहरू डिभिजन वन कार्यालय (डि.व.का) तथा सामुदायिक वन उपभोक्ता समूह (सा.व.उ.स) सँग समन्वय गर्नु पर्दछ ।
- संरक्षण क्षेत्रबाट संकलन गर्नु हुँदैन ।

## ४.२ संकलन गरिने ठाँउको छनौट



- जटामसी प्राकृतिक रूपमा प्रशस्त पाईने ठाँउको छनौट गर्नु पर्दछ ।
- प्रदुषण कम भएका क्षेत्रको छनौट गर्नु पर्दछ ।
- पानीको मुहान नजिक भएको ठाँउको छनौट गर्नु हुँदैन ।
- सफा ठाँउ र अन्य वनस्पतिसँग मिसावट नहुने ठाँउ छनौट गर्नु पर्दछ ।

## ४.३ संकलन औजार तथा सामाग्री

- सफा र खिया नलागेको औजार मात्र प्रयोग गर्नु पर्दछ ।
- औजार काम गर्ने अवस्थामा राख्ने तथा आवश्यक मर्मत संभार गर्नु पर्दछ ।
- औजारका काट्ने भाग सफा गर्ने र अनावश्यक पदार्थ हटाउने गर्नु पर्दछ ।
- औजारमा कुनै वस्तु टाँसिएको भएमा हटाउनु पर्दछ ।
- सधै सफा वा नयाँ बोरा वा डोको प्रयोग गर्नु पर्दछ ।
- कुनै पनि रासायनिक मल वा विषादी बोक्न प्रयोग भएको बोरा वा डोको प्रयोग गर्नु हुँदैन ।



## ४.४ जटामसी पहिचान

- जटामसी जस्तै देखिने अन्य वनस्पतिसँग नझुक्किने र यस्तो वनस्पति संकलन गर्नु हुँदैन ।
- जटामसी पहिचान गर्न नसकिएमा त्यसको नमुना वा फोटो सहित सम्बन्धित विज्ञसँग परामर्श गरि पहिचान गर्नु पर्दछ ।
- संकलकहरूले जटामसी पहिचान गर्न जटामसी सम्बन्धि ज्ञान र अनुभव भएको व्यक्ति वा प्रशोधन केन्द्रबाट आवश्यक सल्लाह, सुझाव वा तालिम लिनु पर्दछ ।



## ४.५ दिगो संकलन विधि

- » जटामसी प्रशस्त मात्रामा फैलावट भएको ठाँउबाट मात्र संकलन गर्नु पर्दछ । पातलोसँग फैलिएको ठाँउबाट संकलन गर्नु हुँदैन ।
- » पहिले संकलन गरीएको ठाँउबाट पुनरूत्पादन भई पूरानै अवस्थामा नआएसम्म संकलन गर्नु हुँदैन (प्रत्येक तीन देखी पाँच वर्षमा काण्ड निकाल्न सकिन्छ) ।
- » जटामसीको बिऊ संकलन असोज देखि कार्तिक महिनासम्ममा पूरा पाकेर सुकेको बिरूवालाई हल्लाई झारेर निकाल्नु पर्दछ ।
- » संकलन गर्दा जमिन विस्तारै खनी रातो खैरा रौं भएका काण्ड मात्र निकाल्नु पर्दछ । कलिला काण्ड र जरा त्यहि छोड्नु पर्दछ ।
- » संकलन गर्दा माउ बिरूवाको पुनरोत्पादन र वृद्धिलाई ध्यान दिनु पर्छ ।
- » जटामसी संकलन गर्दा भएको खाल्डाहरू पुरि दिनु पर्दछ । अन्य वनस्पति वा वनस्पतिको बासस्थान नोक्सान गर्नु हुँदैन ।
- » संकलन स्थल वरपर फोहोर मैला गर्नु हुँदैन ।

## ४.६ संकलन समय

- » गुणस्तरीय जटामसी काण्ड प्राप्त गर्न र दीगो रूपमा संकलन गर्न समय र अवधि महत्वपुर्ण हुन्छ । सामान्यतया जटामसी काण्ड असोज-कार्तिकमा संकलन गर्नु पर्दछ ।
- » जटामसीको बिऊ परिपक्व भई भुइँमा झरेपछि र पात पहेलो भएपछि मात्र काण्ड संकलन गर्नु पर्दछ ।
- » संकलन पश्चात् काण्डको गुणस्तर बिग्रन नदिने व्यवस्थापनमा ध्यान दिनु पर्दछ ।



## ५.संकलन पश्चात् गरिने कार्यहरु

संकलित काण्डमा चिस्यान हुने हुनाले काण्डको गुणस्तर कायम राख्न यथासक्य छिटो सफा गर्ने, सुकाउने, प्याक गर्ने र भण्डारण गर्ने व्यवस्था गर्नु पर्दछ ।

### ५.१ संकलन गर्दा र गरिसकेपछि ध्यान दिनु पर्ने कुराहरु

- » संकलित काण्ड ढुवानी गर्न अगावै गुणस्तर बिग्रन नदिने, मिसावट हुन नदिने, किराहरू लाग्न नदिने, खाँदिएर बिग्रन नदिने र चर्को घाम, पानीबाट बचाउन विशेष सतर्क हुनु पर्दछ ।
- » सकेसम्म सुख्खा दिनमा संकलन गर्नु उपयुक्त हुन्छ । पानी परेको बेला, सित परेको बेला र जमिन भिजेको बेला संकलन गर्नु हुँदैन । सम्भव भएसम्म काण्ड संकलन गर्नासाथ सरसफाइ गरी सुकाउने व्यवस्था मिलाउनु पर्दछ ।
- » संकलन गरीएको काण्डलाई डोको वा बोरामा राख्नु पर्दछ । संकलन गरीएको काण्डलाई सिधै भुइँमा राख्नु हुँदैन ।
- » संकलित जटामसी काण्ड राख्ने बोरा वा डोको वा भाँडा सफा हुनु पर्दछ । पहिले विषादी राख्न प्रयोग गरीएको बोरा वा भाँडा प्रयोग गर्नु हुँदैन ।
- » संकलित जटामसीको काण्ड चरा, मूसा, किरा, जनावर र घामपानीको सिधा सम्पर्कबाट बचाउनु पर्दछ ।
- » संकलित जटामसीको काण्डलाई बोरा वा डोकोमा धेरै खाँदेर, एकमाथि अर्को गरी राख्नु हुँदैन ।
- » संकलित जटामसीको काण्ड राख्न जुटको बोराको प्रयोग गर्नु पर्दछ तर प्लाष्टिकको बोराको प्रयोग गर्नु हुँदैन ।

### ५.२ संकलन कार्यस्थल

- » सफा र सिधा घाम नपर्ने ठाँउ छनौट गर्नु पर्दछ ।
- » चर्को घाम भएमा वा पानी परेमा छहारी हाल्ने व्यवस्था मिलाउनु पर्दछ ।
- » सकेसम्म संकलन कार्यस्थल वरिपरि जनावर आउन नदिने व्यवस्था मिलाउनु पर्दछ ।



## ५.३ सरसफाई

» जटामसी काण्ड संकलन गरिसकेपछि त्यसमा टाँसिएको माटो र फोहोर तुरून्त हातले सफा गर्नु पर्दछ । जटामसीको काण्डमा टाँसिएर आउने अन्य बाह्य वस्तु समेत हटाउनु पर्दछ ।

» काण्ड सफा गर्न पानी प्रयोग गर्नु परेमा सफा पानी मात्र प्रयोग गर्नु पर्दछ । पानी राम्रोसँग तर्काएर मात्र सुकाउनु पर्दछ ।

» बोरा वा डोकोबाट काण्ड निकालेर फिजाउनु पर्दछ । भुइँमा पाल बिछ्याएर मात्र फिजाउनु पर्दछ ।

» फिजाएको काण्डको बिचमा हिंड्ने बाटो बनाउनु पर्दछ । काण्ड माथिबाट टेकेर जथाभावी हिंड्डुल गर्नु हुँदैन ।

» राम्रोसँग निरिक्षण गरी बाह्य वस्तु मिश्रित र बिग्रिएको काण्डहरू हटाउनु पर्दछ ।

## ५.४ सुकाउने

» जटामसीको तेलको गुणस्तर कायम राख्नका लागि सुकाउने समय र तरिकाको ठूलो भुमिका हुन्छ ।

» राम्रोसँग नसुकेमा ढुसी तथा अन्य जिवाणुका संक्रमण हुने संम्भावना हुन्छ ।

» बढी सुकाएमा काण्डमा भएको तत्त्व नष्ट हुने संम्भावना हुन्छ ।

» सुकाउने छहारी वा टहरो वा सौर्य जडित सुकाउने स्थल संकलन कार्य अगावै बनाउनु पर्दछ ।

» संकलन गरी सफा गरिसकेपछि यथासक्य चाँडै सुकाउने व्यवस्था गर्नु पर्दछ । पातलो चाङ बनाएर फिजाउनु पर्दछ ।

» सुकाउने टहरा वा ड्रायर भित्र राम्ररी हावा खेल्ने गरी मिलाउनु पर्दछ ।

» सुकाएको काण्डलाई सिधै भुइँमा राख्नु हुँदैन । सुकाएको काण्डलाई किरा, मूसा, चरा, जनावर र पानीबाट बचाउनु पर्दछ ।

» धेरै ठूलो गानो भएमा त्यसलाई टुक्रयाएर सुकाउनु पर्दछ ।

## ५.५ प्याकिङ र भण्डारण

उपयुक्त प्याकिङ सामाग्री र व्यवस्थित भण्डारण भएमा जटामसीको गुणस्तर कायम गर्न मद्दत पुग्छ । प्याकिङ र भण्डारण निम्नबमोजीम गर्नु पर्दछ ।

- » राम्रोसँग नसुकेको जरा प्याक गर्नु हुँदैन ।
- » सकेसम्म नयाँ बोरा प्रयोग गर्नु पर्दछ । नभएमा सफा र सुख्खा बोराको प्रयोग गर्नु पर्दछ ।
- » पहिले विषादी हाल्न प्रयोग गरीएको बोरा प्रयोग गर्नु हुँदैन ।
- » बोरामा जटामसी धेरै खाँदेर राख्नु हुँदैन ।
- » जटामसी सफा बोरामा प्याक गरि राम्रोसँग लेबल गर्नु पर्दछ । लेबलमा वस्तुको नाम, संकलन स्थान र संकलन मिति राख्नु पर्दछ ।
- » बोरालाई सिधै भित्तामा टसाँएर राख्नु हुँदैन साथै बोरालाई सिधै भुइँमा राख्नु हुँदैन ।
- » भण्डारण कक्ष सफा, हावा खेल्ने र पहिले जनावर नराखिएको हुनु पर्दछ ।
- » भण्डारण कक्ष नजिक कुनै पनि रासायनिक पदार्थ वा विषादी राख्नु हुँदैन ।
- » जटामसी प्याक गरीएको बोरा अन्य सामाग्री राखिएको बोरासँग राख्नु हुँदैन ।
- » धेरै अग्ला बोराको चाँङ बनाएर राख्नु हुँदैन ।
- » भण्डारण कक्ष भित्र जनावर, चरा र मुसा प्रवेश गर्न दिनु हुँदैन ।
- » लामो समयसम्म भण्डारण गर्नु परेमा बेलाबेलामा काण्डको निरिक्षण गरिरहनु पर्दछ । अन्यथा ढुसी पर्ने, बिग्रने संम्भावना हुन्छ ।

## ६. ढुवानी

- ढुवानी गर्दा जटामसीको गुणस्तर कायम राख्दै सकेसम्म कम नोक्सान हुने गरि व्यवस्थापन गर्नु पर्दछ ।
- ढुवानी साधन प्रयोग गर्दा सो साधन राम्ररी सफा गरी सुकेपछि मात्र लोड गर्नु पर्दछ ।
- ढुवानी गर्दा सकेसम्म अन्य सामाग्री मिसाउनु हुँदैन । अन्य सामाग्रीसँगै ढुवानी गर्नु परेमा जटामसी भएको बोरा छुट्टै राख्नु पर्दछ ।
- ढुवानी गर्दा बोराहरू धेरै खाँदेर राख्नु हुँदैन ।
- ढुवानी गर्दा प्लाष्टिकको बोराको प्रयोग गर्नु हुँदैन ।
- ढुवानी गर्दा जटामसीलाई घाम र पानीबाट सुरक्षा गर्नु पर्दछ ।

## ७. व्यक्तिगत सरसफाई

- कच्चा पदार्थमा भएको जिवाणुबाट हुने संक्रमण हुन नदिन व्यक्तिगत सरसफाईमा ध्यान दिनु पर्दछ ।
- कच्चा पदार्थमा काम गर्ने व्यक्तिले पहिला र काम गरीसकेपछी साबुन पानीले राम्रोसँग हात र खट्टा धुने गर्नु पर्दछ ।
- घाउ खटिरा एवं सरूवा रोग लागेको व्यक्ति कच्चा पदार्थ सम्बन्धि काममा संलग्न हुनु हुँदैन ।
- कच्चा पदार्थको काममा संलग्न व्यक्तिले सफा मास्क, पन्जा र ड्रेस लगाउनु पर्दछ ।

## ८. रेकर्ड राख्ने वा अभिलेखिकरण

- जटामसी कुन ठाँउ वा सा.व.उ.स बाट संकलन गरिएका हो, यकिन हुन जरूरी हुन्छ। उक्त ठाँउ वा सा.व.उ.स बाट कति परिमाणमा संकलन भएको र पुनरूत्पादन सन्तोषजनक छ छैन सो को रेकर्ड राख्नु पर्दछ ।
- सा.व.उ.स ले संकलकहरूको नाम र ठेगाना अनि संकलन भएको जटामसीको रेकर्ड संकलक डायरीमा नियमित रूपमा राख्नु पर्दछ ।
- सा.व.उ.स ले जटामसी भण्डारण गर्नु पूर्व मिति, संकलकको नाम, कच्चा पदार्थको नाम र सो को परिमाणको रेकर्ड राख्नु पर्दछ ।
- जटामसी भण्डारण स्थलबाट प्रशोधन केन्द्रमा लैजानु अगावै प्रशोधन कम्पनीका संचालकहरूले मिति, कच्चा पदार्थको नाम, परिमाण र कुन उद्देश्यको लागि भण्डारबाट बाहिरिएको सो को रेकर्ड राख्नु पर्दछ ।
- संम्भव भएमा प्रशोधन कम्पनीले संकलन सम्बन्धि जानकारी भएको ट्याग बोरा वा डोकोमा बाँध्नु वा टाँस्नु पर्दछ जसमा कच्चा पदार्थको नाम, संकलन मिति, संकलन गरीएको ठाँउ र संकलकको नाम संलग्न गर्नु पर्दछ ।

## ९. निष्कर्ष

- असल संकलन पद्धति अपनाउँदा गुणस्तरीय कच्चा पदार्थ प्राप्त भई गुणस्तरीय तेल प्राप्त हुन्छ ।
- यस पद्धतिको अवलम्बन गर्दा संकलकहरू, प्रशोधनकर्ता, निर्यातकर्ता वा बिक्रेता र उपभोक्ता सबै पक्षलाई दिगो रूपमा फाईदा हुन्छ ।
- यस पद्धतिलाई अपनाउँदा श्रोतको दिगो व्यवस्थापन, संरक्षण, उपयोग तथा वातावरण संरक्षण हुनुको साथै सामाजिक रूपमा लाभदायक र आर्थिक रूपमा फाईदाजनक हुन्छ ।

थप जानकारीका लागि

ANSAB

*Rich Biodiversity and Prosperous Communities*


**एन्साब नेपाल**

८१९/२९ भीमसेनगोला मार्ग, बानेश्वर, काठमांडौ

फोन : +९७७-१-४५९७५४७ / ४५७८४१२

इमेल : ansab@ansab.org.np

वेब : www.ansab.org.np